निर्णयहरूः-

१. जिल्लाभित्र कोभिड-१९ रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि विभिन्न क्षेत्रबाट भएका कार्यहरूका सम्बन्धमा बैठकमा जानकारी तथा समीक्षा गरियो ।

२. मनसुन नजिकिदै गएको सन्दर्भमा आगामी मनसुनजन्य प्रकोप न्यूनीकरण तथा प्रतिकार्यको लागि कार्ययोजना तयार गर्ने मिति २०७७/१२/०३ को निर्णय बमोजिम मनसुनजन्य जोखिम न्यूनीकरण तथा पूर्वतयारी कार्ययोजना २०७८ लागू गरी कार्यान्वयन गर्ने तथा सम्पूर्ण जिम्मेवार क्षेत्रहरुबाट आआफ्नो स्रोत साधनलाई पूर्ण तयारी अवस्थामा राख्ने ।

३. स्थानीय तहहरुले समेत सरोकारवाला निकायहरु सहकार्यमा मनसुनजन्य जोखिम न्यूनीकरण तथा पूर्वतयारी कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने गराउने ।

४. अघिल्लो बैठकको निर्णय बमोजिम व्यवस्थापन गरिएका नदीजन्य पदार्थको उत्खनन तथा व्यवस्थापन देहाय बमोजिम रहेको व्यहोरा बैठकमा जानकारी गराइयो ।

| सि.नं | स्वीकृत भएका स्थानीय तह | व्यवस्थापनको लागि स्वीकृत परिमाण | व्यवस्थापन गरिएको जम्मा परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | हेटौंडा उपमहानगरपालिका | १७३३०२.५ घन मि. | ११०१५९ घन मि. | |
| २ | कैलाश गाउँपालिका | १३३२१९.२ घन मि. | १६१२० घन मि. | |
| ३ | राक्सिरांग गाउँपालिका | १०२६२५ घन मि. | ६६९१९ घन मि. | |
| ४ | भिमफेदी गाउँपालिका | ३४४०० घन मि. | १४६६१ घन मि. | |
| ५ | बकैया गाउँपालिका | ९३०४३.०३ घन मि. | १९४८५ घन मि. | |
| ६ | इन्द्रसरोवर गाउँपालिका | ४४१६९.३८ घन मि. | ८९५ घन मि. | |
| ७ | मकवानपुरगढी गाउँपालिका | १२५२०० घन मि. | १३५००० घन मि. | |

५. नदीजन्य पदार्थको अभावले भूकम्प प्रभावित संरचना पुनर्निर्माण, स्थानीय विकासका योजनाहरू सञ्चालन गर्न समस्या परेको भनी विभिन्न स्थानीय तहहरु तथा विकास आयोजनासंग सम्बन्धित निकायहरुबाट आर्थिक वर्षको समय सीमित भई विकास निर्माण तथा आयोजनाहरु सम्पन्न गर्न कठिनाई भएको भनी नदीजन्य पदार्थ तथा निर्माण सामग्रीहरुको व्यवस्थापनको लागि जिल्ला विपद् व्यवस्थापन समितिमा अनुरोध भई आएको हुँदा विकास आयोजना, स्थानीय तहबाट आवश्यकता पुष्टि हुने गरी प्राविधिक लागत अनुमान तथा प्रस्ताव माग गर्ने । सो प्रस्तावमा सम्बन्धित स्थानीय तहको प्राविधिक प्रतिवेदन, विकास आयोजनाको लागि आवश्यकता पुष्टि हुने विवरण, स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय समेत संलग्न गराउने र सो प्रस्तावहरु सात दिनभित्र पेश गर्न लगाउने ।

६. जिल्ला विपद् व्यवस्थापन समितिमा पेश हुन आएका तथा थप आउन सक्ने प्रस्तावहरु उपर अध्ययन गरी समितिमा सिफारिस गर्ने प्रयोजनको लागि देहाय बमोजिमको उप-समिति गठन गर्ने र सो उपसमितिले प्रस्तावहरु उपर स्थलगत अध्ययन समेत गरी मूल समितिमा ७ दिनभित्रमा प्रतिवेदन पेश गर्ने ।

प्रशासकीय अधिकृत श्री देबचन्द्र गतौंला, जिल्ला प्रशासन कार्यालय, मकवानपुर - संयोजक
शाखा अधिकृत, जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर - सदस्य
सहायक बन अधिकृत, डिभिजन वन कार्यालय, मकवानपुर र रासी, मनहरी, मकवानपुर - सदस्य
ईन्जिनियर,सम्बन्धित स्थानीय तह - सदस्य
सब-ईन्जिनियर,जिल्ला समन्वय समितिको कार्यालय, मकवानपुर - सदस्य

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

७. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, बबरमहल, काठमाडौं को मिति २०७८/०१/२० को प्रेस विज्ञप्ती तथा श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको च.नं. ८७२, मिति २०७८/०१/२६ को पत्रबाट अनुरोध भई आएको विवरण बैठकमा जानकारी समेत गराइयो ।

८. जिल्ला विपद् व्यवस्थापन समितिले मिति २०७७ चैत्र ३ गतेदेखि २०७८ बैशाख २९ गतेसम्म निम्नानुसार वितरण गरेको राहत रकम रु. ८,७५,०००/- अनुमोदन गर्ने ।

(क) हावाहुरीबाट घर क्षति हुने २ परिवारलाई रु १०,०००/-
(ख) आगलागीबाट घर क्षति ३६ परिवार रु ४,६५,०००/-
(ग) आगलागीबाट मृत्यु १ जना रु २,००,०००/-
(घ) बाढिबाट मृत्यु हुने १ जना रु २,००,०००/-

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी